व्यास नगरकार्यपालिकाको १९३ औं बैठक आज मिति २०८१/४/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | अनुपस्थित |
| नि.प्र.प्र.अ. | - श्री केदारराज आचार्य | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. ७ | - श्री सरस्वती वि.क. | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. २ | - श्री सुरेश वाग्ले | उपस्थित |
| वरिष्ठ आ.ले.प. अधिकृत | - श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | - श्री राजेन्द्र कार्की | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | - श्री प्रमोद सोती | उपस्थित |
| पशु विकास अधिकृत | - डा. मनोज विश्वकर्मा | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |
| ईन्जिनियर | - श्री रविन्द्रलाल मूल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री गोकर्णराज वाग्ले | उपस्थित |
| ईन्जिनियर | - श्री अमृत के.सी. | उपस्थित |
| अधिकृत | - श्री नवराज कंडेल | उपस्थित |

**प्रस्तावहरु :**

प्रस्ताव नं.१ : मिति २०८१/४/७ को कार्यपालिकाको बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : ४१ औं नगर सभाका निर्णयहरु कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३ : कुहिने फोहोर व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.४ : विभिन्न कार्यविधिहरु पारित एवं संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.५ : नगरस्तरीय पर्यटन प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाहरुसँग अभिमुखीकरण बैठक सम्बन्धमा ।
प्रस्ताव नं.६ : मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७ : मुख्यमन्त्री साझेदारी कार्यक्रम लागत साझेदारी तथा दायित्व स्व.घोषणा सम्बन्धमा ।
प्रस्ताव नं.८ : स्थानीय भू-उपयोग अन्तर्गत जग्गा वर्गीकरण र कित्ताकाट सम्बन्धमा ।
प्रस्ताव नं.९ : सामुदायिक विद्यालयलाई निःशुल्क शिक्षा प्रदान गर्न अध्ययन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: हरितालिका तीज प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: आदिवासी जनजाती दिवसमा सार्वजनिक बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१२: सरसफाई विज्ञको म्याद थप अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१३: चेपाङ्गहरुको जीवनस्तर उठाउन प्रदेश सरकारसँग माग प्रस्ताव गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: मानुङक्षेत्रको विकास प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.१५: नगर विकास कोषसँग भवन निर्माण सम्बन्धी सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.१६: शिवपाञ्चायन मा.वि. व्यास ३ को व्यवस्थापन समिति सम्बन्धमा ।
प्रस्ताव नं.१७: सामाजिक सुरक्षा भत्ता प्राप्त कर्ताहरुको नवीकरण विवरण सम्बन्धमा ।
प्रस्ताव नं.१८: जग्गा वर्गीकरण संशोधन स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१९: गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।
प्रस्ताव नं.२० सामी परियोजनाका लागि वित्तीय साक्षरता कक्षा छनौट सम्बन्धमा ।
प्रस्ताव नं.२१: नगरपालिकाको घर नक्सा पास प्रणालीको विद्युतीय नक्सा कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा ।
प्रस्ताव नं.२२: लिलाम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२४: यस आर्थिक वर्षको आन्तरिक आम्दानी सम्बन्धमा ।
प्रस्ताव नं.२५: भूमी आयोग सम्बन्धी कार्यको अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धमा ।
प्रस्ताव नं.२७: सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी मनोनयन सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.२८: प्रधानाध्यापक पदमा नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.२९: बाल विकास शिक्षक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.३०: स्वयंसेवक शिक्षक कोटा वितरण सम्बन्धमा ।
प्रस्ताव नं.३१: व्यास नगरपालिकाभित्र कार्यक्षेत्र भएका सहकारी संस्थालाई विवरण पेश गराउने सम्बन्धमा ।
प्रस्ताव नं.३२: विपन्न सुरक्षित आवास सिफारिस समितिमा सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.३३: दोभाषे नियुक्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३४: व्यास नगरपालिका भित्रका सामुदायिक वन समितिको विवरण संकलन सम्बन्धमा ।
प्रस्ताव नं.३५: जग्गा प्राप्तिको थप कागजात सम्बन्धमा ।
प्रस्ताव नं.३६: तत्काल गर्नु पर्ने विपद्जन्य र अत्यावश्यक खानेपानी लगायतमा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुंदा मिति २०८१/४/७ गते भएको कार्यपालिकाको बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकको निर्णय नं.४ मा गठित समितिहरु निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

**(क) पूर्वाधार विकास समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री सुरेश थापा | – अध्यक्ष, वडा नं. ९ |
| (२) सदस्य | श्री अनुप राना | – अध्यक्ष, वडा नं. ३ |
| (३) सदस्य | श्री निला घिमिरे | – कार्यपालिका सदस्य |
| (४) सदस्य | श्री रामकृष्ण अधिकारी | – नगर सदस्य |
| (५) सदस्य | श्री ईश्वर पौडेल | – नगर सदस्य |
| (६) सदस्य | श्री अमृत के.सी. | – घर नक्सापास शाखा प्रमुख |
| (७) सदस्य-सचिव | डा. राजु पौडेल | – शहरी विकास तथा पूर्वाधार शाखा प्रमुख |

**(ख) आर्थिक विकास समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री खेमराज पोखेल | – अध्यक्ष, वडा नं. १० |
| (२) सदस्य | श्री जीवन गुरुङ्ग | – अध्यक्ष, वडा नं. ६ |
| (३) सदस्य | श्री कृष्णप्रसाद न्यौपाने | – अध्यक्ष, वडा नं. ७ |
| (४) सदस्य | श्री सविता रसाइली | – नगर सदस्य |
| (५) सदस्य | श्री गोकुल राना | – नगर सदस्य |
| (६) सदस्य | डा. मनोज विश्वकर्मा | – कृषि, पशु तथा सहकारी शाखा प्रमुख |
| (७) सदस्य-सचिव | श्री राजेन्द्र कार्की | – उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा प्रमुख |

**(ग) सामाजिक विकास समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री चन्द्रमाया परियार | – कार्यपालिका सदस्य |
| (२) सदस्य | श्री ज्ञानुमाया सुनार | – कार्यपालिका सदस्य |
| (३) सदस्य | श्री चेतबहादुर दरै | – कार्यपालिका सदस्य |
| (४) सदस्य | श्री बुद्धिमाया वि.क. | – नगर सदस्य |
| (५) सदस्य | श्री रफत साना मिया | – नगर सदस्य |
| (६) सदस्य | श्री प्रमोद सोती | – स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख |
| (७) सदस्य-सचिव | श्री केदारराज आचार्य | – शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख |

**(घ) वन तथा वातावरण संरक्षण समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री रनसिं नेपाली | – कार्यपालिका सदस्य |
| (२) सदस्य | श्री सुन्दर वाग्ले | – नगर सदस्य |
| (३) सदस्य | श्री बुद्धिमाया वि.क. | – नगर सदस्य |
| (४) सदस्य | श्री मणिजंग बस्नेत | – नगर सदस्य |
| (५) सदस्य | श्री ईश्वर पौडेल | – नगर सदस्य |
| (६) सदस्य-सचिव | श्री नवराज कंडेल | – सरसफाई शाखा प्रमुख |

**(ङ) सार्वजनिक तथा सुशासन समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री दलबहादुर दुरा | – अध्यक्ष, वडा नं. ११ |
| (२) सदस्य | श्री विष्णु कुमार श्रेष्ठ (हिमाल | – अध्यक्ष, वडा नं. ५ |
| (३) सदस्य | श्री बमबहादुर आले | – अध्यक्ष वडा नं. १२ |
| (४) सदस्य | श्री राम प्रसाद मिश्र | – नगर सदस्य |
| (५) सदस्य | श्री सरस्वती वि.क. | – नगर सदस्य |
| (६) सदस्य-सचिव | श्री रामचन्द्र हड्खले | – प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख |

**(च) व्यास नगर अपाङ्गता समन्वय समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री इन्दिरा दरै | – उपप्रमुख |

(२) सदस्य श्री कमलादेवी घर्ती – कार्यपालिका सदस्य
(३) सदस्य श्री दमौली अस्पताल चिकित्सक प्रतिनिधि
(४) सदस्य श्री प्रमुख सामाजिक विकास प्रदेश कार्यालय, तनहुँ
(५) सदस्य श्री जिल्ला प्रहरी कार्यालय, प्रतिनिधि
(६) सदस्य श्री रोदन थापा – प्र.अ. सिद्धबेनी मा.वि. बेलवास
(७) सदस्य श्री शोभा लम्साल – रिसेड प्रतिनिधि
(८) सदस्य श्री सावित्री पौडेल – व्यास ३ अपाङ्गता क्षेत्र
(९) सदस्य श्री सीता कुँवर – व्यास ५ अपाङ्गता क्षेत्र
(१०) सदस्य श्री कमल कुमार श्रेष्ठ – व्यास ५ अपाङ्गता क्षेत्र
(११) सदस्य-सचिव श्री राधा आचार्य – महिला, बालबालिका तथा जेष्ठ नागरिक उपशाखा प्रमुख

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा ४१ औं व्यास नगर सभाका निर्णयहरु कार्यान्वयन सम्बन्धमा निर्मित कार्ययोजना आ.व. २०८०/०८१ मा भएका कार्य प्रगतिहरुको सबै वडा सचिव, शाखा, उपशाखा प्रमुख र कार्यपालिका सबै पदाधिकारी सदस्यहरु सहभागी गराई समीक्षा गर्ने गरी मिति २०८१/५/७ गते ११:०० बजे बिहान नगर सभा कक्षमा बैठक राख्ने गरी आवश्यक प्रबन्ध गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट उर्त्सजन हुने फोहोर वर्गीकरण अभियान चलिरहेको, कुहिने फोहोर वडा नं.१० को गौसंरक्षण क्षेत्र भतेरीमा बिसर्जन हुँदै आएकोमा उक्त क्षेत्रमा कुहिने फोहोर व्यवस्थापन गरी मल उत्पादन गर्न थप संरचना निर्माण गर्नु पर्ने देखिएकोले खरिद प्रकृया अनुसार बजेट शिर्षक नं.८३९ बाट खर्च हुने गरी रू.२०,००,०००। (बीस लाख) नबढ्ने गरी व्यवस्थापन गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा निम्नानुसार कार्यविधिहरु पारित एवं संशोधन प्रस्ताव पारित गर्ने निर्णय गरियो ।
(क) व्यास नगर प्रसुती बिदा, सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ (पारित)
(ख) व्यास नगर विपन्नहरुका लागि सुरक्षित आवास सहयोग कार्यविधि, २०८१ (पारित)
(ग) व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ (संशोधन)

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्रका सबै माध्यमिक विद्यालय प्रतिनिधि, प्रत्येक वडाबाट सिफारिस गरिएका पर्यटन क्षेत्रमा क्रियाशील ४×४ जना सरोकारवालाहरु, मानुङकोट, तनहुँसुर, गलेखामकोट, छाब्दी, व्यास, पराशर क्षेत्र, जनजाती महासंघ व्यास नगर समिति, लोक तथा दोहोरी गीत प्रतिष्ठानका प्रतिनिधिहरु र नगर कार्यपालिकाका पदाधिकारी सदस्यहरु सहभागिता हुने गरी मिति २०८१/४/३२ गते शुक्रबार ११:०० बजे नगर सभा कक्षमा अभिमुखीकरण कार्यक्रम राखी कार्ययोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा यस आर्थिक वर्षका लागि **"ऐतिहासिक तनहुँसुर क्षेत्र संरक्षण र विकास परियोजना, कृषि तथा पर्यटन प्रवर्द्धन कार्यक्रम"** प्रस्ताव गर्ने निर्णय गरियो । साथै यस कार्यक्रमको सहजीकरणका लागि वरिष्ठ प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्कीलाई सम्पर्क व्यक्तिका रुपमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागत साझेदारी गर्नका लागि यस आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटमा रू.३०,००,०००। (तीस लाख) विनियोजन गरिएको र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्व्यन कार्यविधि, २०८१ मा प्रस्तावित खर्चका क्षेत्रहरु कार्यविधिमा उल्लेख भएअनुसार भएको र परियोजना स्वीकृत भएमा त्यसको पूर्ण सञ्चालन, मर्मत संभार र दिगोपनाको लागि सम्पूर्ण दायित्व व्यास नगरपालिकाले लिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा गठित स्थानीय भू-उपयोग परिषद्को मिति २०७९/८/२० गते बसेको बैठकको निर्णय अनुसार यस व्यास नगरपालिकाभित्र रहेको कृषि

तथा गैर कृषि क्षेत्रमा वर्गीकरण गर्ने भनिए बमोजिम उक्त कृषि तथा गैर कृषि क्षेत्रमा वर्गीकरण र सो भित्र पर्ने जग्गाको कित्तागत विवरण समेत तयार भइसकेको अवस्थामा हालै नेपाल सरकारले जारी गरेको पुनः भु-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१ अनुसार गैर कृषि जग्गाहरुलाई समेत अन्य वर्गीकरण गर्नु पर्ने भनी उल्लेख गरेको हुँदा भु-उपयोग ऐन, नियम र निर्देशिका बमोजिम सम्पूर्ण भु-उपयोग क्षेत्रहरु वर्गीकरण गर्न तथा भु-उपयोग योजना तर्जुमा गर्ने विषय विज्ञ समेतको टोली गठन गरी दुई महिनाभित्र वर्गीकरण गर्ने कार्य सक्ने व्यवस्था मिलाउने र हाललाई २०८१ असोज मसान्तसम्मको लागि सम्पूर्ण गैह्र कृषि रहेको तत्काल कित्ताकाट गर्नुपर्ने कित्ताहरुलाई आवासीय क्षेत्रको रुपमा वर्गीकरण गर्ने र सोही अनुसार नापी र मालपोत कार्यालयमा कित्ताकाट सम्बन्धी कार्यमा सहयोग गरिदिन भनी सिफारिस गर्ने निर्णय गरियो । साथै सबै वडाबाट कित्ताकाटका लागि सिफारिस भई आउने जग्गाहरुको अभिलेख दुरुस्त राख्न घरनक्सापास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यासपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई निःशुल्क शिक्षा प्रदान गर्न विद्यमान अवस्थाको अध्ययन गरी कुन-कुन विद्यालयबाट के-कति कक्षामा शुल्क के-कति लिइएको छ ? विद्यालयमा शिक्षक कर्मचारी दरबन्दी के-कसो छ ? उठाइएको शुल्कको व्यवस्थापन के-कसरी गरिएको छ ? क्रमशः के-कुन कक्षासम्म यस शैक्षिक वर्ष निःशुल्क गर्न सकिने हो, सोको प्रतिवेदन भाद्र २० गतेभित्र पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा २०८१ सालको हरितालिका तीज भाद्र २१ गते परेकोले उक्त दिन नगरस्तरीय तीज गित प्रतियोगिता आयोजना गरी अन्तर वडा प्रतिस्पर्धा गराई व्यवस्थापन गर्न नगर उपप्रमुख श्री इन्दिरा दरैको अध्यक्षतामा निम्नानुार आयोजक समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री इन्दिरा दरै | – उपप्रमुख |
| (२) सदस्य | श्री चन्द्रमाया परियार | – कार्यपालिका सदस्य |
| (३) सदस्य | श्री नरीमाया राना | – कार्यपालिका सदस्य |
| (४) सदस्य | श्री कमला घर्ती | – कार्यपालिका सदस्य |
| (५) सदस्य | श्री ज्ञानुमाया सुनार | – कार्यपालिका सदस्य |
| (६) सदस्य | श्री निला घिमिरे | – कार्यपालिका सदस्य |
| (७) सदस्य | श्री किस्ना गुरुङ्ग (दुरा) | – कार्यपालिका सदस्य |
| (८) सदस्य | श्री शर्मिला जमरकट्टेल | – महिला, बालबालिका उपशाखा कर्मचारी |
| (९) सदस्य-सचिव | श्री राधा आचार्य | – महिला, बालबालिका तथा जेष्ठ नागरिक उपशाखा प्रमुख |

उक्त प्रतियोगिता मिति २०८१/५/१८ गतेभित्र वडागत प्रतिस्पर्धा गराई वडाको प्रथम हुने १४ वडाका १४ समूहलाई "हाम्रो संस्कृति हाम्रो मान्यता राष्ट्र निर्माणमा महिला सहभागिता" विषयमा गितको बोल नारा कायम गरी व्यास ३ अनशन चौतारीमा निम्नानुसार खर्च व्यवस्थापन शिर्षक नं. ......... बाट रू.२,००,०००। (दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

(१) सबै वडाका एक/एक समूहलाई (यातायात तथा खाजा खर्च समेत) सहभागीता प्रोत्साहन सहयोग रू.३०००×१४= ४२,०००। र व्यवस्थापन खर्च रू.५८,०००। समेत रू.१,००,०००।

| | | |
|---|---|---|
| (२) प्रथम पुरस्कार | | रू. ३५,०००। (कर कट्टी समेत) |
| (३) द्धितीय पुरस्कार | | रू. २५,०००। (कर कट्टी समेत) |
| (४) तृतीय पुरस्कार | | रू. २०,०००। (कर कट्टी समेत) |
| (५) सान्त्वना पुरस्कार | रू. १०,०००×२= | रू.२०,०००। (कर कट्टी समेत) |
| | **जम्मा :** | **रू.१,००,०००। कुल जम्मा रू.२,००,०००।** |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/४/२५ गते विश्व आदिवासी जनजाती दिवसका दिन अत्यावश्यक सेवा बाहेकका सबै नगरपालिका अन्तर्गतका कार्यालयहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको दिगो फोहोर व्यवस्थापनका लागि श्रोत व्यवस्थापन प्रा.लि. वालिङ्ग-१० स्याङजासँग मिति २०८० फागुन १ गतेदेखि २०८१ असार मसान्तसम्मका लागि सम्झौता भई काम भएकोमा फोहोर व्यवस्थापन सम्बन्धी कार्य पूर्णरुपमा सम्पन्न भइनसकेको हुँदा २०८१ श्रावण १ गतेदेखि २०८१ मंसीर मसान्तसम्म उक्त सम्झौताको म्याद थप गरी कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत वडा नं. ११ लगायतका वडाहरुमा बसोवास गर्ने चेपाङ्ग जातीको शैक्षिक सँस्कृतिक उन्नयन एवं सुरक्षित घरबास व्यवस्थापनमा समेत सहयोगका लागि गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मानुङ क्षेत्रको पूर्व तर्फ रहेको र्साजनिक जग्गामा संघीय ऐन कानूनको परिधिभित्र रही पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ट) (११) (१२) समेतको आधारमा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थाका लागि पहिलो पटक मिति २०८०/१२/९ र दोस्रो पटक २०८१/२/७ को निर्णयानुसार मिति २०८१/४/११ गते सार्वजनिक सूचना प्रकाशित भएकोमा श्री व्यास हिल्स प्रा.लि. काठमाण्डौंबाट मात्र प्रस्ताव पेश हुन आएकाले उक्त प्रस्ताव स्वीकृत गरी थप कानूनी प्रकृया अघि बढाउन श्री व्यास हिल्स प्रा.लि.लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा नगर विकास कोषसँग २ वर्ष अघि नै सम्झौता गरी नगरपालिकाको स्वामित्वमा रहेको फराकचौर ९/ञ कि.नं. १५१८ क्षेत्रफल १२-४-२-१ को पूर्व-उत्तर तर्फ निर्माण हुने बहुउद्देश्यीय भवन निर्माण गर्न हालको पूर्व तर्फको भवन यथावत राखी पछि भवन निर्माण सम्पन्न भएपछि हटाउने गरी डिजाइन संशोधन गरी १ महिनाभित्र निर्माण प्रकृया अघि बढाउन शहरी पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ देउराली नगरमा सञ्चालित सामुदायिक विद्यालय शिवपाञ्चायन मा.वि. व्यवस्थापन समिति गठन गरी पठाइएको विवरणमा निम्न विषयहरु अस्पष्ट एवं नगर शिक्षा ऐन विपरीत देखिएकाले सम्बन्धित विद्यालयसँग स्पष्ट गर्न पत्राचार गर्ने निर्णय गरियो ।

(क) अध्यक्षमा सिफारिस व्यक्ति अभिभावक रहनु भएको आधार ।
(ख) मनोनित दुई सदस्यमा एकजना महिला हुनुपर्नेमा दुई जना पुरुष मनोनयन गरेको देखिंदा संशोधन गरी एक जना महिला सिफारिस गर्ने ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने यस नगरपालिका अन्तर्गतका १४ वडाहरुमा जम्मा ७,९०० नवीकरण गर्नुपर्ने लाभग्राही हुनु भएकोमा २०८१/४/२१ गतेसम्म ३,५५५ (४५%) जनाले मात्र नवीकरण गर्नुभएको, ४,३४५ अझै नवीकरण गर्न बाँकी (५५%) रहनु भएको देखिंदा सबै वडा कार्यालयलाई सामाजिक भत्ता पाउने लाभग्राहीको नवीकरणमा जोड दिन र कुनै समस्या रहेमा सहजीकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको क्षेत्रभित्र पर्ने कृषि तथा गैह्र कृषि जग्गाहरुको वर्गीकरण हालसम्मको परिवर्तन भएका कित्ताहरु समावेश गरी जग्गा वर्गीकरण २०७९ लाई संशोधन गरी पारित गरिदिन स्थानीय भू-उपयोग सिफारिस समितिको मिति २०८१/४/२१ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस आर्थिक वर्ष ०८१/०८२ मा नयाँ उद्यमीका लागि गरिबी निवारण सम्बन्धी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन गर्न वडा नं.२ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कक्षा सञ्चालन गर्न यस आर्थिक वर्षका लागि वडा नं.२ र वडा नं.८ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको घर नक्सा पास प्रणालीको विद्युतीय नक्सापास प्रणालीका लागि निर्धारित (घरनक्सा) Software "vyas.gharnakshanepal.com" निर्माण तथा कार्यान्वयन भई सेवा प्रदान हुँदै आइरहेको र नयाँ नक्सापास प्रक्रिया तथा पुरानो फाइलहरुको विद्युतीय व्यवस्थापनका लागि (घरनक्सा) Software "vyas.gharnakshanepal.com" सफ्टवयरको प्रयोगलाई निरन्तरता दिनका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र व्यास नगरपालिकाका बीच २०७८ मा भएको सम्झौता आ.व. २०८१/०८२ को लागि समेत निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतको पुरानो भवन, व्यास ६ चन्द्रोदय प्रा.वि. र शिशाघाट आयुर्वेद औषधालय, व्यास ६ समेतका पुराना भवन भत्काउँदा निस्केका काठ, दाउरा, झ्याल ढोका, ट्रष्ट फलामका ग्रिल जस्तापाता, आल्मुनियमका सामान लिलाम बिक्री गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा २०८१/४/२० गते व्यास नगरपालिका लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धमा छानविन तथा मूल्याङ्कन समितिबाट सिफारिस भई आएका ७ स्थानीय राष्ट्रिय दैनिक पत्रिका, ६ स्थानीय साप्ताहिक पत्रिका, ३ एफ.एम. टेलिभिजन र ७ अनलाइन पत्रिकालाई कार्यविधिमा तोकिए बमोजिम विज्ञापन सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा यस आ.व.२०८१ श्रावण १ गतेदेखि २०८१/४/२१ गतेसम्म आन्तरिक आम्दानी रू.५८,७८,५०६/७८ रहेको बैठकका जानकारी गराइयो र बैठकले आर्थिक ऐन, अनुसार सम्पत्ति कर, भूमिकर र व्यवसाय करको जरिवानाबाट छुट, अग्रिम भुक्तानी छुट लिन सम्बन्धित सबैलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोवासीहरुको जग्गा नापी प्रकृया प्रारम्भ हुनासाथ र हाल सम्पन्न भएका वडाहरु समेतमा स्थानीय जनप्रतिनिधि र सरोकारवालासँग समन्वय गरी आवश्यक व्यवस्थापन मिलाउन निम्नानुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) संयोजक | श्री काशी राम गैरे | – प्रमुख प्रशासकीय अधिकृत |
| (ख) सदस्य | श्री कुमार कञ्चन जि.सी. | – आ.ले.प. शाखा प्रमुख |
| (ग) सदस्य | श्री रामचन्द्र हड्खले | – प्रशासन शाखा प्रमुख |
| (घ) सदस्य | श्री अमृत के.सी. | – घर नक्सापास शाखा प्रमुख |
| (ङ) सदस्य-सचिव | श्री सुवास गौतम | – भूमि इकाई प्रमुख |

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई बालश्रम मुक्त घोषणा कार्यक्रमका लागि नेपाल सरकार सशर्त अनुदान अन्तर्गत रू.३,००,०००। (तीन लाख) निकासा भएकोले उक्त अभियान अन्तर्गत नगर प्रमुखको संयोजकत्वमा निम्नानुसार मूल समिति निर्माण गरी सबै विद्यालय तथा वडा कार्यालयहरुमा वडा समिति प्रमुख संयोजक हुने गरी कार्यक्रम सञ्चालन गर्न तथा पुनः मूल समारोह समितिको संयोजकत्वमा बालश्रम मुक्त घोषणा गर्ने अभियान अघि बढाउने निर्णय गरियो ।

**बालश्रम मुक्त व्यास नगरपालिका समन्वय समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | श्री वैकुण्ठ न्यौपाने | – नगर प्रमुख |
| (२) सदस्य | श्री चन्द्रमाया परियार | – सामाजिक विकास समिति संयोजक |
| (३) सदस्य | श्री प्रमुख प्रतिनिधि | – स्थानीय होटल व्यवसायी संघ |
| (४) सदस्य | श्री कृष्ण बहादुर के.सी. | – ट्रेड युनियन प्रतिनिधि |
| (५) सदस्य | श्री प्रताप गुरुङ्ग | – एन.जि.ओ. तनहुँ |
| (६) सदस्य | श्री अध्यक्ष बाल सञ्जाल | – व्यास नगरपालिका |
| (७) सदस्य | श्री प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, तनहुँ | |
| (८) सदस्य | श्री मिला दरै | – सञ्चारकर्मी |
| (९) सदस्य-सचिव | श्री सामाजिक विकास तथा शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | |

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल ललितपुरको च.नं.३१ मिति २०८१ श्रावण १३ गतेको पत्रानुसार स्थानीय तहमा कार्यरत सातौं तहका कर्मचारीहरुलाई क्षमता विकास गर्ने उद्देश्यले ३० कार्यदिने सेवाकालिन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न गइरहेकोले उक्त कार्यक्रममा यस नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखामा कार्यरत सातौं तहका अधिकृत श्री नवीन पराजुलीले ३० कार्यदिने कार्यक्रममा सहभागीताका लागि मिति २०८१/४/२० गते मनोनयन पत्र पेश गर्नु भएको र मनोनयन प्रक्रियामा छनौट भएमा प्रशिक्षण कार्यक्रममा सहभागीताको समयावधिसम्म यस कार्यालयबाट दैनिक भ्रमण भत्ता, यातायात र आवास खर्च व्यवस्था गर्नुपर्ने भनी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल ललितपुरको पत्रमा उल्लेख भएको हुँदा आवश्यक सुविधा सहित क्षमता विकास कार्यक्रममा सहभागी हुने व्यवस्थाका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा श्री माहेन्द्री माध्यमिक विद्यालय व्यास ९ को मिति २०८१/४/४ को विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विद्यालयको पत्रानुसार माध्यमिक तह तृतीय श्रेणीका शिक्षक श्री अमृतबहादुर थापालाई उक्त विद्यालयको प्रधानाध्यापक पदमा कामकाज गर्नका लागि सिफारिस भई आएकाले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा श्री निर्मल माध्यमिक विद्यालय व्यास १ मा बाल विकास तहमा कार्यरत शिक्षक श्री सरस्वती दरैले निजको घरायसी समस्याका कारण यही २०८१ श्रावण १ गतेदेखि लागू हुने गरी राजिनामा दिनु भएको हुँदा विद्यालय व्यवस्थापन समितिले राजिनामा स्वीकृत गरी विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षक श्री तारा पौडेल खनाललाई त्यस विद्यालयको रिक्त रहेको बालविकास सहजकर्ता पदमा २०८१ श्रावण १ गतेदेखि लागू हुने गरी पदस्थापन साथै नियुक्ति प्रदान गर्ने निर्णय प्रस्ताव गरेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास १ स्थित निर्मल माध्यमिक तहमा कार्यरत स्वयंसेवक शिक्षकको राजिनामा पश्चात रिक्त रहेको कोटा संख्या १ र श्री पराशर माध्यमिक विद्यालय व्यास ५ मा कार्यरत स्वयंसेवक शिक्षकले राजिनामा दिएपछि रिक्त रहेको कोटा संख्या १ लाई तपसिल बमोजिमको विद्यालयबाट शिक्षक अभावका कारण दैनिक पठन-पाठन तथा प्रशासनिक कार्यमा समस्या परेकोले प्राथमिक तहको शिक्षक दरबन्दी १ अथवा स्वयंसेवक शिक्षक कोटा १ माग भई आएकोले नगरसभाबाट स्वीकृत हाल व्यास नगरपालिकामा कार्यरत स्वयंसेवक शिक्षक दरबन्दी संख्या नबढ्ने गरी वितरण गर्न सकिने भएकाले माग भएको निम्न विद्यालयहरुमा स्वयंसेवक शिक्षक कोटा वितरण गर्ने निर्णय गरियो ।

| सि.नं. | स्वयंसेवक शिक्षक माग भएको विद्यालय | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | श्री सूर्योदय प्राथमिक विद्यालय, व्यास ११ | १ | कक्षा १२ उत्तीर्ण मध्येबाट |
| २. | श्री महर्षि वेदव्यास संस्कृत माध्यमिक विद्यालय, व्यास ३ | १ | संस्कृति, भाषा शिक्षणमा सहयोग पुऱ्याउने सम्बन्धमा |

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यक्षेत्र भएका संघ, प्रदेश, यस नगरपालिका अन्तर्गतका सबै सहकारी संस्थाहरुलाई निम्न विवरण भाद्र मसान्तसम्म पेश गर्न सूचित गर्ने निर्णय गरियो ।

(१) सहकारी दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपि – १
(२) आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि – १
(३) आ.व. २०८०/०८१ को साधारण सभा भएको प्रमाण र आ.व. २०८१/०८२ को साधारण सभा भएको वा असोज मसान्तभित्र गर्ने निर्णय भएको निर्णय प्रतिलिपि – १
(४) सहकारी अन्तर्गत देखिएका समस्याहरु र नगरपालिकाले सहजीकरण गर्नु पर्ने विषय भए सोको विवरण/पत्र ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा विपन्न सुरक्षित आवास सिफारिस समितिमा कार्यविधिको दफा ५ बमोजिम कार्यपालिकाको तर्फबाट निम्नानुसार सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

(१) श्री कमला घर्ती – वडा नं. १३
(२) श्री चेतबहादुर दरै – वडा नं. १०

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट बहिराहरुका लागि दोभाषे कर्मचारी आवश्यक देखिएकोले ४१ औं नगर सभाको निर्णय अनुसार व्यास न.पा. वडा नं. ११ बस्ने श्री ज्ञानु पन्थलाई मिति २०८१/४/१६ गतेदेखि लागू हुने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्रका सबै सामुदायिक वन उपभोक्ता समितिको विवरण डिभिजन वन कार्यालय, कर कार्यालय दमौली र सम्बन्धित वडाहरुबाट सामुदायिक वनको विवरण, दर्ता, नविकरण, करको दायरामा सहभागीता एवं आ.व. २०८०/०८१ को लेखापरीक्षण, आ.व. २०८१/०८२ को कार्य योजना माग गरी विवरण व्यवस्थित गर्न वन तथा वातावरण समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन गर्ने कार्यको लागि वडा नं. १३ स्थित युगिन कृषि फार्म प्रा.लि.को नाममा रहेको (शेयरधनी श्री इश्वरराज पन्थ) जग्गा प्राप्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रक्रिया अगाडी बढाई रहेकोले मन्त्रालयबाट थप कागजपत्र माग भएको हुँदा कि.नं. ४, ५, ६, ८, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३६, ३७, २७१ र २७२ क्षेत्रफल ३९-१५-१-३ को जग्गाको प्रारम्भिक वातावरण परीक्षण (IEE) र स्थलगत (संधियारहरु समेतको रोहवरमा) सर्जिवन मुचुल्का तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा विपदजन्य र अत्यावश्यक खानेपानी लगायतका कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सरिता लौडारी, घर संरक्षण | १ | ४०,०००।- | विपद |
| २. | अनिता नेपाली, घर संरक्षण/निर्माण | १ | ४०,०००।- | विपद |
| ३. | तेजमाया परियार, घर संरक्षण पहिरो हटाउने | १ | ३०,०००।- | विपद |
| ४. | जनचेतना टोल नाला मर्मत | १ | २०,०००।- | ८१८ |
| ५. | JCI व्यास नगर साइनिङ स्टार प्रतियोपिगता व्यवस्थापन | २ | १,५०,०००।- | ६७ |
| ६. | लियो क्लव अफ तनहुँ खुला पुस्तकालय व्यवस्थापन | ३ | १,००,०००।- | ७९ |
| ७. | नेपाल तरुण दल | ३ | २५,०००।- | ३७ |
| ८. | नेपाल आदिवासी जनजाती महासंघ, व्यास नगर दिवस व्यवस्थापन | ३ | १,००,०००।- | ५६ |
| ९. | लालुमाया थापा, बिन्दा हाइवे रेष्टुरेण्ट विपद राहत | ४ | ३०,०००।- | विपद |
| १०. | करुणा रावल मिस नेपाल प्रतियोगिता सहयोग | ४ | २५,०००।- | ९० |
| ११. | पदम प्रा.वि. विद्यालय छाना मर्मत | ५ | २,०८,०००।- | ७७५ |
| १२. | सुशिला थापा मगर, घर संरक्षण (झरी पीडित) | ६ | १०,०००।- | विपद |
| १३. | इन्द्र बहादुर थापा मगर, घर संरक्षण (झरी पीडित) | ६ | ८,०००।- | विपद |
| १४. | अलिबक्स मिया, घर संरक्षण (झरी पीडित) | ६ | १०,०००।- | विपद |
| १५. | बाटोहरुमा पहिरो पन्छाउने सरसफाई समेत | ६ | १,३९,०००।- | विपद मर्मत संहार |
| १६. | बिरौटा खेत कुलो मर्मत संहार | ६ | ४५,०००।- | ७७६ |
| १७. | सानी रह तल्लो कुलो मर्मत संहार | ६ | २५,०००।- | ७७६ |
| १८. | फेदीखोला माथिल्लो कुलो मर्मत संहार | ६ | ८०,०००।- | ७७६ |

| | | | | |
|---|---|---|---|---|
| १९. | साउनेकुवा कुलो मर्मत संहार | ६ | ४०,०००।- | ७७६ |
| २०. | बाह्रबिसे आमा समूह भवन/मन्दिर निर्माण समेत | ६ | ३,००,०००।- | ८४४ |
| २१. | वडा नं. ८ को कार्यालय व्यवस्थापन | ८ | १,००,०००।- | ८१८ |
| २२. | विफ्रे नरङ्गा फाँट खानेपानी पाइप खरिद | ७ | ४८,०००।- | ७७४ |
| २३. | सरस्वती आधारभुत विद्यालय भवन मर्मत | ९ | ७०,०००।- | ७७५ |
| २४. | दुम्सी बजार कृषि उपज संकलन तथा विकी केन्द्र अधुरो निर्माण | १० | ४,४०,०००।- | ११८ |
| २५. | उजेली तामाङ्ग, घर संरक्षण | १० | ४०,०००।- | विपद |
| २६. | सिम्लेखेत बाँध मर्मत | १० | ५०,०००।- | ७७६ |
| २७. | ब्लुमिङ एकेडेमी विद्यालय छाना मर्मत | ११ | २५,०००।- | विपद |
| २८. | बाँसपानी सिलखानी खानेपानी मोटर खरिद | ११ | १,२०,०००।- | ७७४ |
| २९. | सुर्योदय प्रा.वि. कक्षा व्यवस्था मर्मत संहार | ११ | १,१०,०००।- | ७७५ |
| ३०. | देवीकला पुन मगर, घरको छाना मर्मत | ११ | १०,०००।- | विपद |
| ३१. | भगवती भण्डारी कंडेल, विपद राहत | १२ | ८,०००।- | विपद |
| ३२. | केशवटार मा.वि. क्यान्टिन आगलागी क्षति व्यवस्थापन | १४ | ५०,०००।- | ७७५ |
| ३३. | रोट्याक्ट क्लव दमौली विज्ञापन सहयोग | | १५,०००।- | ३७ |

***